# चन्दननाथ नगरपालिकाको कार्यक्रम सञ्चालन खर्चको मापदण्ड,२०७८

नगरसभाबाट स्वीकृत मितिः२०७८।०३।३१

चन्दननाथ नगरपालिका जुम्लालाई वित्तीय हस्तान्तरण भइ आएका सशर्त, बित्तीय समानिकरण तथा अन्य कुनै निकायबाट प्राप्त भई नगरसभाबाट स्वीकृत विभिन्न योजना तथा कार्यक्रमहरुलाई अनुमानयोग्य र मितव्ययी रुपमा सञ्चालन गर्न एवं कार्यक्रम सञ्चालन खर्चमा एकरुपता कायम गर्नको लागि मिति २०७८। । गते बसेको चन्दननाथ नगर कार्यपालिकाको बैठकले देहाय बमोजिम चन्दननाथ योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकी स्वीकृत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम " चन्दननाथ नगरपालिकाको कार्यक्रम संचालन खर्चको मापदण्ड सम्बन्धी कार्यविधि २०७८" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. " प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. " उप प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको **उप प्रमुख** सम्झनु पर्दछ ।

ग. " कार्यालय प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको **प्रमुख प्रशासकीय अधिकृत** सम्झनु पर्दछ ।

घ. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ङ "कार्यविधि" भन्नाले " चन्दननाथ नगरपालिकाको कार्यक्रम संचालन खर्चको मापदण्ड सम्बन्धी कार्यविधि २०७८ सम्झनु पर्दछ " ।

च. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

छ. " कर्मचारी" भन्नाले सेवा प्रवाह उपलब्ध गराउनेगरी व्यवस्था भएका प्राविधिक वा प्रशासनिक कर्मचारी सम्झनुपर्दछ ।

ज " कार्यक्रम " भन्नाले चन्दननाथ नगरपालिका र अन्तर्गतका विषयगत शाखाहरुले हरेक आर्थिक बर्षको लागि विनियोजित बजेट अनुसार स्वीकृत कार्यक्रमहरु **सम्झनु पर्दछ**।

### ३. बैठक भत्ताको मापदण्ड :

१) अर्थ मन्त्रालयबाट स्वीकृत खर्चको मापदण्ड सम्वन्धी निणर्य तथा कार्यविधिको ७.१.१ मा तोके बमोजिमको अवस्थामा बैठक बस्दाको मात्र बैठक भत्ता प्रदान गरिनेछ ।

२) नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा बैठक बस्दा प्रति पदाधिकारी प्रति बैठक रकम रु १,५००।- (एक हजार पाँच सय) मात्र बैठक भत्ताा प्रदान गरिनेछ ।

३) नगरकार्यपालिका र नगरसभाबाट गठन भएका विभिन्न समितिहरुको बैठक वस्दा प्रति पदाधिकारी प्रति बैठक रकम रु १,०००।- (एक हजार ) मात्र बैठक भत्ता प्रदान गरिनेछ ।

४) नगरसभा, नगरकार्यपालिका र वडा समितिको बैठक बस्दाको बैठक भत्ता चन्दननाथ नगरपालिकाका पदाधिकारीहरुको पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७८ मा तोके बमोजिम नै हुनेछ ।

### ४. खाना र खाजा खर्चको मापदण्ड :

१) नगरकार्यपालिका एवं वडा कार्यालयहरुबाट आयोजना हुने कुनै बैठक, अर्न्तक्रिया, छलफल, गोष्ठी र तालिम जस्ता कार्यक्रमहरुमा सहभागी एवं व्यवस्थापनको कार्य गर्ने कर्मचारीहरु ( बढीमा १० जना) को लागि खाना खर्च वापत रकम रु ३५० (तीन सय पचास) र खाजा खर्च वापत रकम रु २०० (दुई सय) रुपैया मात्र भुक्तानी गरिनेछ ।

२) नियमित काम बाहेक विशेष कामको लागि दैनिक ३ घण्टा भन्दा बढी कार्यालय समयभन्दा अतिरिक्त समय काम र सार्वजनिक विदाको दिन काम गर्ने कर्मचारीहरुलाई खाजा तथा खाना खर्चको लागि रकम रु ५०० (पाँच सय) उपलव्ध गराइनेछ ।

### ५. परिवहन/यातायात खर्च

१) चन्दननाथ नगरकार्यपालिका एवं वडा कार्यालयहरुबाट आयोजना हुने कुनै बैठक, अर्न्तक्रिया, छलफल, गोष्ठि र तालिम जस्ता कार्यक्रमहरुमा सहभागीको लागि परिवहन/यातायात ( आतेजाते खर्च वापत रकम रु १,०००।- (एक हजार) रुपैया मात्र भुक्तानी गरिनेछ ।

### ६. तालिम, गोष्ठी, सेमिनार, कार्यशाला आदि सञ्चालन सम्वन्धी खर्च

१) नगरकार्यपालिका एवं वडा कार्यालयहरुबाट सञ्चालन हुने विभिन्न तालिम, गोष्ठी, सेमिनार र कार्यशाला आदी सञ्चालनको लागि तपशील बमोजिमको शिर्षकमा तपशील बमोजिमको रकम खर्च गर्न सक्नेछ ।

| सि.नं | खर्च गर्ने कार्यको विवरण | खर्च गर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | बाहिरी कार्यपत्र प्रस्तुकर्ता ( कार्यपत्र र वाचन) | २०००।- | प्रतिइकाई |
| २ | आन्तरिक कार्यपत्र प्रस्तुतकर्ता ( कार्यपत्र र वाचन) | १६००।- | प्रतिइकाई |
| ३ | कार्यपत्र माथिको टिप्पणीकर्ता | ९००।- | प्रतिइकाई |
| ४. | मशलन्द खर्च (व्यानर, बोर्डमार्कर, मेटाकार्ड, टेप, आदी) | ५०००।- | एकमुष्ठ |
| ५. | संयोजक भत्ता | १०००।- | प्रतिदिन |
| ६. | सहयोगी भत्ता | ५००।- | प्रतिदिन |
| ७. | विविध खर्च (प्रमाणपत्र, पानी, सरसफाई, फोटोकपी आदी) | ५०००।- | एकमुष्ठ |
| ८. | सहभागीहरुको स्टेशनरी | १००।- | प्रतिइकाई |
| ९. | प्रतिवेदन खर्च | ३०००।- | प्रतिकार्यक्रम |
| १०. | हलभाडा | बजार दररेट वमोजिम | |
| ११ | प्रशिक्षार्थी आवास खर्च | बजार दररेट वमोजिम | |
| १२ | सहभागी भत्ता | १०००।- | प्रति व्यक्ति प्रतिदिन |

**७. लेख रचना पारिश्रमिक :**

१) लेख रचना समावेशी गरी पुस्तक तथा पत्रिका प्रकाशन गर्दा तपशील बमोजिमको लेख रचना पारिश्रमिक, कम्प्यूटर सेटिङ, डिजाईनिङ तथा सम्पादक मण्डलका सदस्यहरुलाई देहाय बमोजिम पारिश्रमिक भुक्तानी गरिनेछ ।

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | लेख रचना पारिश्रमिक | ४,५००।- | प्रतिलेख रचना |
| २. | कम्प्यूटर सेटिङ र डिजाईनिङ | ५,०००।- | प्रति पुस्तक तथा पत्रिका |
| ३. | सम्पादन पारिश्रमिक | २०००।- | प्रति सदस्य/प्रति रचना |

**८. अन्य खर्च** उल्लेख नभएका कुराहरु प्रचलित कानुन र कार्यालयकाको निर्णय अनुसार हुनेछ ।

आज्ञाले
तिर्थराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत